# कोरोना महामारी नियन्त्रण गर्न प्रदेश २ का मन्त्रीलाई जिल्लागत जिम्मेवारी



**_जनकपुरधाम, २० बैशाख_**

प्रदेश २ सरकारले कोरोना महामारी नियन्त्रणका लागि समन्वय गर्ने उद्देश्यले जिल्लागत रुपमा मन्त्रीहरुलाई जिम्मेवारी दिएको छ। सोमबार बसेको प्रदेश मन्त्रिपरिषद्को बैठकले कोरोना महामारीसँग जुध्न प्रदेश सरकारका मन्त्रीलाई जिल्ला-जिल्लाको जिम्मेवारी दिँदै फोकल पर्सन तोकेको हो।

जसअनुसार भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्री शैलेन्द्र साहलाई सप्तरी, आर्थिक मामिला तथा योजना मन्त्री बिजयकुमार यादवलाई सिरहा, आन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेन्द्रकुमार यादवलाई धनुषा र महोत्तरी, उद्योग पर्यटन तथा वन मन्त्री रामनरेश रायलाई सर्लाही र रौतहट तथा भौतिक पूर्वाधार विकास मन्त्री जितेन्द्र सोनललाई बारा र पर्साको जिम्मेवारी दिइएको छ।

जिम्मेवारी तोकिएका मन्त्रीहरुले सम्बन्धित जिल्ला र प्रदेश सरकार बीच कोरोना महामारी नियन्त्रणका लागि समन्वयको रुपमा काम गर्ने मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयले जनाएको छ।

**_तत्काल ४१७ दरबन्दी थप गरिने_**

मन्त्रिपरिषद्को बैठकले प्रदेशका विभिन्न अस्पतालमा दरबन्दी थप गर्ने निर्णय गरेको छ। कोरोना महामारीसँग जुध्न प्रदेशभरिका विभिन्न अस्पताल तथा प्रयोगशालाका लागि ४ सय १७ अस्थायी दरबन्दी थप गर्ने निर्णय सरकारले गरेको छ।

प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला जनकपुर धामका लागि ३३, प्रादेशिक अस्पताल जनकपुरधामका लागि १७४, सिरहा, जलेश्वर, मलंगवा, गौर र कलैया अस्पतालका लागि ३२/३२, लहान अस्पतालका लागि २३ र भारदह तथा पोखरिया अस्पतालका लागि १५/१५ दरबन्दी थप गर्ने निर्णय गरेको छ। थप गरिएको दरबन्दीमा एनेस्थेसियोलोजिष्टदेखि लिएर स्विपरसम्मको पद रहेको छ।

थप गरिएका दरबन्दीहरुमा अस्पतालले आवश्यक्ताको आधारमा तुरुन्त नियुक्त गर्न सकिने व्यवस्था गरिएको छ। यस्तै, मन्त्रिपरिषद्को बैठकले यसअघि पीसीसीएमसीको बैठकले गरेको निर्णयहरुलाई अनुमोदन गरेको छ।

## उदयपुरमा ....

३ जना संक्रमित थपिएको छ। जिल्ला स्वास्थ्य कार्यालय उदयपुरका अनुसार त्रियुगा नगरपालिका भित्रका ३ जनामा कोरोना संक्रमण पुष्टि भएको हो।

एन्टिजिन परिक्षण गर्दा उनिहरुमा कोरोना पुष्टि भएको हो। ३ जना थपिए सँगै जिल्लामा संक्रमितको संख्या ४० पुगेको छ। संक्रमित थपिँदै जाँदा जिल्लामा पनि सुरक्षाको मापदण्ड थप कडाई गरिएको छ।

## कटारी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
१ नं. प्रदेश नेपाल
स्था : २०७३

मिति : २०७८/०१/२१ गते

**कर्मचारीको आवश्यकता सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा कटारी नगरपालिकाको मिति २०७८/०१/१७ को निर्णय अनुसार आ.ब.०७७/०७८ मा कटारी नगरपालिकामा कामकाज गर्ने गरी तपशिल बमोजिमको कर्मचारी सेवा करारबाट पदपूर्ती गर्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक उम्मेदवारहरुले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कटारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, स्वास्थ्य शाखामा दरखास्त पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | विज्ञान नं. | पद | सेवा/समूह/श्रेणी | माग संख्या | परिक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | १/२०७७/०७८ | अ.न.मी. | स्वा./प.हे.न./सहायक चौथो तह | २ | ५०० | |
| २ | २/२०७७/०७८ | अ.हे.ब. | स्वा./हे.इ./सहायक चौथो तह | २ | ५०० | |

१.आवश्यक योग्यता :

(क) विज्ञापन नं. १/२०७७/०७८, का लागि मान्याता प्राप्त शिक्षण संस्थाबाट १८ महिने अ.न.मी. कोर्ष गरी नर्सिङ काउन्सिलमा दर्ता भएको हुनुपर्ने।

(ख) विज्ञापन नं. २/२०७७/०७८ का लागि मान्याता प्राप्त शिक्षण संस्थाबाट १५ महिने अ.हे.ब.कोर्ष गरी NHPC मा दर्ता भएको हुनुपर्ने।

२. उमेर हद : पुरुष उम्मेदवारका लागि १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको र महिला हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

३. दरखास्त दिने स्थान : कटारी नगरपालिकाको कार्यालय कटारी,उदयपुर।

४. दरखास्त दिने अन्तिम मिती : २०७८/०२ /०४

५. दरखास्त फारम पाइने स्थान : कटारी नगरपालिकाको कार्यालय राजस्व शाखा।

६. छनौटको किसिम : विज्ञापन नं. १/२०७७/०७८,२/२०७७/०७८ का लागि लिखित तथा अन्तरवार्ता।

७. आवेदनका साथ संलग्न हुनुपर्ने कागजातहरु :

(क) नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

(ख) शैक्षिक योग्यता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी।

(ग) २ प्रति पासपोर्ट साइजको फोटो।

८. स्थानीयलाई प्राथमीकता दिईनेछ।

९. सेवा सुविधा : कटारी नगरपालिकाको नियमानुसार।

नि. प्रमुख प्रशासकीय अधिकृत

के तपाई विज्ञापन गर्न चाहनुहुन्छ। यदि चाहनुहुन्छ भने सिधैं सम्पर्क गर्नुहोस।
फोन नं.
०३५-४२१२८८

नेपालको संविधानमा अपांगता भएकाहरुका लागि भएका व्यवस्थाहरुको कार्यान्वयन गरौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

ॐ रौतारानी हाउस एण्ड सप्लायर्स
डिएम गेट ११, गाईघाट



सम्पर्क नं.
९८०२३१९१२१
९८०२३१९११९ / ९८०२३१९१२०
यहाँ पुरानो मोटरसाईकल उचित मुल्यमा खरिद बिक्री गरिनुका साथै मर्मत सम्भार पनि गरिन्छ

जय नेपाल ज्वेलर्स
अव हामी मेनचौक देखि दक्षिण तर्फ, त्रि.न.पा.११, गाईघाट



हामीकहाँ आधुनिक डिजाईनका विना रसायन र परम्परागत सुन चाँदीका गरगहना ग्यारेण्टीका साथ बनाउनुका साथै सुपथ तथा उचित मुल्यमा खरिद तथा बिक्री गरिन्छ।
प्रो. सतिश सोनी (०३५-४२१५०१, ९८४२८२७१४७)

प्रो. रामनाथ शाह
सम्पर्क: 035-420915/9801517705
सुनिल बस्त्रालय
त्रि.न.पा. ११, गाईघाट



यहाँ, कोट पेन्ट, सर्ट पेन्ट, लेहंगा, साडी, कुर्था सलवार, थान कपडा स्कुल ड्रेस पाउनुका साथै रेडिमेट कपडा सुपथ मुल्यमा पाईन्छ।

Scanned with CamScanner